हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८२/०८३) वैठक नं.

आज मिति २०८२ साल पुष २१ गते सोमवारका दिन हरिपुर नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा वसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी वावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि वहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।०९।२१

**मिति २०८२/०९/२१ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१ पूर्व निर्णयको समीक्षा सम्बन्धमा ।

२. १६ औ विशेष नगरसभा गर्ने सम्वन्धमा ।

३. आर्थिक सहायता सम्वन्धमा ।

४. मेकानिकल ईन्जिनियर सम्वन्धमा ।

५. परिवार नीयोजन क्याम्प संचालन सम्वन्धमा ।

६. वडा नं. ५ को धर्म साँस्कृतिक कार्यक्रम सम्वन्धमा ।

७. वडा नं. ७ को जितिया पर्व कार्यक्रम सम्वन्धमा ।

८. वडा नं. ५ को सडक मर्मतको रकम विनियोजन सम्वन्धमा ।

९. प्रशासनिक दण्ड जरिवाना र जफतको करको दर निर्धारण सम्वन्धमा ।

१०. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुवाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्वन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको हिउँदो १६ औ विशेष नगरसभा मिति २०८२ पुष २५ गते शुक्रवार विहानको १० बजे संचालन गर्ने निर्यय गरियो ।

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८२।०८३ को पन्ध्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा बिनियोजन भएको रकमवाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क.सं. | आर्थिक सहायताको लागि पेश भएको निबेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | फरमुद साह फकिर | ३ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।९।१० | २०८२।९।१४ गते च.नं. ७१४ | ६०००।०० |
| २ | जोगिन्द्र महरा चमार | १ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।९।१८ | २०८२।९।२० गते च.नं. ७०७ | ६०००।०० |
| ३ | राम पुजन चौधरी | ७ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।९।८ | २०८२।९।८ गते | ६०००।०० |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।०९।२१

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | च.नं. ४७३ | |
| ४ | सर्मिला तामांग | २ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।९।२१ | २०८२।९।२१ गते च नं ९७३ | १००००।०० |
| ५ | ईलाका प्रहरी कार्यालय मुर्तिया सर्लाही | १ | हरिपुर | समान खरिदको बिल अनुसार | | २०८२।९।१४ गते च नं ७५ | ६०००।०० |

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको नगर तथा सम्पुर्ण वडाहरुमा सरसफाई कार्यको लागि ईभी गाडी खरिद गर्नु पर्ने र अन्य मेकानिकल सम्पुर्ण सामग्री खरिद सवारी साधन मर्मत कार्यका लागि चालु आ.व. २०८२।०८३ को असार मसान्त सम्म परामर्श सेवाको लागि यस नगरपालिकाको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५० को सि.नं. ३८ मा सेवा र परामर्श खर्चको खर्च शिर्षक नं. २२४१२ मा रकम रु. १०,००,०००।०० विनियोजन भएको रकमबाट रु ८००००।०० पारिश्रमीक खर्च ब्योहोर्ने गरी २०८२ असार मसान्त सम्म परामर्श सेवा खरिद गर्न यस नगरपालिकामा सूचिकृत मेकानिकल ईन्जिनियर श्री अनन्त पोखरेललाई नियुक्त गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ को प्राथमिक स्वास्थ्य केन्द्र हरिपुर, सर्लाहीमा मिति २०८२।०९।१६ र १७ गते संचालन भएको परिवारनीयोजन क्याम्पको लागि विनियोजित रकम रु. १५००००।०० भएकोमा सो क्याम्पको सम्पुर्ण खर्च पालिकाले नै ब्यहोर्नु पर्ने भएको हुँदा अपुग रकम रु. १०००००।०० सि.नं. ११४ खर्च शिर्षक २२५२९ चालुगत खर्च शिर्षकको विविध कार्यक्रम खर्च रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ५ को कार्यालयको प.सं. २०८२।०८३, च.नं. ५९६, मिति २०८२।०९।०७ गतेको प्राप्त पत्रानुसार धर्म साँस्कृतिक जगेर्ना कार्य सम्पन्न भएकोले यस नगरपालिकाको वडा नं. ५ को चालुगत खर्चको सि.नं. ७ धर्म साँस्कृतिक जगेर्ना कार्यक्रम खर्च शिर्षक नं. २२५२९ मा रकम रु. १०००००।०० विनियोजन भएको रकमबाट उपभोक्ता समितिलाई रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ७ को चालुगत खर्चको सि.नं. १८ मा जितिया पर्व खर्च शिर्षक नं. २२५२९ मा रकम रु. १०००००।०० विनियोजन भएको रकमबाट जितिया पर्व कार्यक्रम संचालन गरी सम्पन्न भएकोले विनियोजन भएको रकमबाट उपभोक्ता समितिलाई रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ५ को कार्यालयको प.सं. २०८२।०८३, च.नं. २७९, मिति २०८२।०६।२५ गतेको सडक मर्मत सम्बन्धको प्राप्त पत्रानुसार उक्त सडक मर्मतको बजेट विनियोजनको लागि अगामी १६ औ विशेष नगरसभामा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०८२।०८३ को लागि आर्थिक ऐन, २०८२ मा छुट भएको करका दरहरु मध्ये तपसिलमा उल्लेखित प्रशासनिक दण्ड जरिवाना र जफतको करको दर निर्धारण गर्न मिति

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।०९।२१

२०८२।०८।२८ गतेको राजश्व परामर्श समितिको सिफारिसको निर्णयानुसार अगामी १६ औ नगरसभामा अनुमोदन हुने गरी देहाय बमोजिमको निर्णय गरियो ।

खोलामा अवैधरुपमा सवारी साधन प्रयोग गरी नदीजन्य पद्धार्थको उत्खन्न गरिएको पाइएमा देहाय बमोजिम दण्ड जरिवाना

| सि.नं. | सवारी साधनको किसिम | जरिवाना शुल्क | कैफियत |
|---|---|---|---|
| १ | ट्रयाक्टर | ५०००।०० | |
| २ | टिपर/ट्रक-६ चक्के | १००००।०० | |
| ३ | टिपर/ट्रक-१० चक्के | १२०००।०० | |
| ४ | ब्याक हो लोडर | १५०००।०० | |
| ५ | स्काभेटर | २००००।०० | |